नेपाल सरकार
भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय उदयपुर

गाईघाट, (बोक्से)

☎ ०३५-४२०१३६
☎ ०३५-४२०२०१
E-mail : udayapur@dolma.gov.np

## मालपोत कार्यालय उदयपुरबाट प्रकाशित भएको छुट जग्गा नामसारी दर्ता हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना ।

यसमा जिल्ला उदयपुर साविक रामपुर गा.वि.स. वडा नं. ३ भई हाल परिवर्तित वेलका न.पा. वडा नं.३ मा स्थापित कोशी जनता मा.वि. रामपुरको च.नं.३७ मिति २०८२।०७।२४ को पत्रवाट यस विद्यालय २०१९ सालमा स्थापना हुँदा राष्ट्रिय प्रा.वि.को नामले सञ्चालन हुँदै मिति २०३४ सालमा नि.मा.वि.तह रहेको र मिति २०४६ सालमा मा.वि. तह सञ्चालन भई मिति २०५२ सालमा स्वीकृत हुँदा सो विद्यालयको नाम परिवर्तन भई कोशी जनता मा.वि. भएकोमा सर्भे नापीको समयमा रा.प्रा. स्कुल रातापानी ठोक्सिलाको नम्वरी हो भनी नाप नक्सा भई क्षेत्रिय पुस्तिका तयार भएको जि.उदयपुर गा.वि.स. रा.पा.ठो. वडा ३ख कि.नं.२१ ज.वि. ०-९-० जग्गा साविक देखि हालसम्म यस विद्यालयले नै निर्विवाद रुपमा भोगचलन गर्दै आएको,तत्कालिन समयमा विविध कारणले विद्यालयको नाममा जग्गा धनी दर्ता प्रमाण पूर्जा लिन छुट भएको सो जग्गा कोशी जनता मा.वि. रामपुर वेलका.न.पा.-३,उदयपुरको नाममा छुट जग्गा दर्ता गरि पाउँ भनि विद्यालय व्यवस्थापन समितिको निर्णय,नगर कार्यपालिकाको निर्णय,सिफारिस, शिक्षा विकास तथा समन्वय इकाई उदयपुरको सिफारिस सहित यस कार्यालयमा दिएको द.नं.३६९५मिति २०८२।०७।३० को माग निवेदन सम्वन्धमा उल्लेखित जग्गामा सो विद्यालय वाहेक अन्य कोही कसैको हक दावी, भोगचलन भए ,नभएको? सो जग्गाको फिल्डवुकको कैफियत महलमा उल्लेख भएको राष्ट्रिय प्रा.वि. रातापानी ठोक्सिला र हालको विद्यालय कोशी जनता मा.वि. रामपुर वेलका न.पा.-३,उदयपुर एकै विद्यालय कि फरक-फरक विद्यालय हुन? भन्ने सम्वन्धमा अन्य कसैको हकदावी लाग्ने भए वा निवेदकको हकदावी नपुग्ने भए वा छुट जग्गा दर्ता नगर्नु पर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र स-प्रमाण यस कार्यालयमा दावी उजुरी गर्न आउनु होला, अन्यथा कानून वमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

तपसिल :

| जिल्ला | गा.वि.स. | वडा/नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (वि.) | फिल्डवुकको कैफियत व्यहोरा |
|---|---|---|---|---|---|
| उदयपुर | रा.पा.ठो. | ३ख | २१ | ०-९-० | रा.प्रा.स्कुल रातापानी ठोक्सिलाको नम्वरी हो । |

इति सम्वत २०८२ साल मंसिर २३ गते रोज ३ शुभम् ।